# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन १३ गते २०१५ साल

### अर्थमन्त्रालयको सूचना

अर्थ मन्त्रालयको ०१५।१६ सालको भाद्र ३ गतेको बजेट सम्बन्धी विज्ञप्तिबमोजिम सरकारी मालपोत तथा दण्ड जरीवाना महसूल इत्यादि असूल गर्दा भा.रू. १०० को ने.रू. १५० । दर कायम गरी असूल तहसिल हुने भएकोले अब सरकाबाट गरिने खर्चमा पनि सोही दर कायम गरी खर्च लेखिदिने गर्नुपर्ने भएकोले ०१३।४।२२ गतेको गजेटमा प्रकाशित भएको सूचना बमोजिम सरकारी कर्मचारीहरूको तलब भत्ता र अरू सरकारी कामकाममा खर्च गरिने रकममा समेत भा.रू. १०० को ने.रू. १२८ । दरकायम गरी खर्च लेखिदिने गरिआएकोमा सो दर खारेज गरी अब भा.रू. १०० एक सयको ने.रू. १५० । एक सय पचास दर कायम गरी खर्च लेखिदिने तथा कर्मचारीहरूलाई स्थानीय भत्ता साविकमा सयकडा २८ थप दिने गरी आएकोमा अब सय कडा ५० पचास थप गरी दिने र अरू कुराको हकमा साबिक भइ रहेको आदेशबमोजिम नै गर्न सूचित गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

242

सरकारी काम काममा खर्च गार्ने सम्बन्धमा अर्थमन्त्रालयको ०१५।१६ सालको भाद्र ३ गतेको वजेट सम्बन्धी विज्ञप्ति दाखिल भएका अथवा रेडियो नेपालबाट प्रसारित गरिएको विज्ञप्ति सुनेका मितिदेखि र उक्त विज्ञप्ति दाखिल नभएको र नसुनेका ठाउंमा यो आदेश दाखिल भएका मितिदेखि भा.रू. १०० एक सयको ने.रू १५०।-- एकसय पचास दर कायम गरी खर्च लेख्ने र कर्मचारीहरूको तलब भत्ताको हकमा भाद्र १ गतेदेखि नै उक्त दर कायम गरी खर्च लेख्ने गर्ने तथा बडाहाकिमहरूको तलबको बारेमा निर्णय भएबमोजिम पछि छुट्टै निकासा भइ आउने भन्नेसमेत सबै जिल्ला माल, वजार, भन्सार अड्डाहरूका नाउँमा आदेश भइगएको हुनाले सो कुरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाश गरिएको छ।

आज्ञाले —

नीरराज

सचिव— अर्थमन्त्रालय

## अर्थमन्त्रालयका सूचना

नेपाल राष्ट्र बैंक ऐन २०१२ को परिच्छेद २ दफा २४ को उपदफा १ बमोजिम बैंकले आफ्नो मासिक रिपोर्ट सरकारमा पेश गर्नानिमित्त मासिक रिपोर्टको ढाँचा २०१४ साल चैत्र ११ गतेको गजेट (भाग ४) मा प्रकाशित गरिदिएकोमा केही परिवर्तन गरी अर्को मासिक रिपोर्टको निम्न लिखितबमोजिमको ढाँचा प्रकाशित गरिदिएको छ।

नेपाल राष्ट्र बैंक,

(नेपाल राष्ट्रबैंक ऐन २०१२ अनुसार नेपालमा स्थापित)

... ... को मास्केवारा स्टेटमेण्ट

निष्काशन विभाग

| दायित्व | सम्पत्ति |
|---|---|
| बैंकिंग अफिसमा नोट मौजदात | (क) सुनको सिक्का र सुन चाँदी |
| | (ख) विदेशी मुद्रा |
| चलन चल्तीमा रहेका नोट | विदेशी सेक्युरिटी |
| | श्री ५ को सरकारको सिक्यूरिटी |
| | नेपाली सिक्का |

५४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| जम्मा दायित्व | जम्मा सम्पत्ति |
|---|---|

बैंकिङ्ग बिभाग

| दायित्व | सम्पत्ति |
|---|---|
| मूलधन | नोट |
| जगेडा कोष | रुपैयाँ र रेचकी |
| डिपोजिटहरू:— | बिदेशी मुद्रा |
| | बिदेशमा रहेको मुद्रा |
| सरकारी | खरीद र डिस्काउण्ट गरेको बिल |
| अन्य | (क) स्वदेशी |
| भुक्तानी दिनुपर्ने बिल | (ख) बिदेशी |
| अन्य दायित्व | (ग) सरकारी ट्रेजरी बिल |
| | (१) स्वदेशी |
| | (२) बिदेशी |
| | सरकारलाई गएको सापट |
| | अन्य लगानी र सापटी |
| | अन्य सम्पत्ति |
| जम्मा दायित्व | जम्मा सम्पत्ति |
| एकाउण्ट अफिसर | चीफ एकाउण्टेण्ट |

नोटः— कुनै महलहरूमा देखाउने अंक नभएमा त्यस्ता महलहरू रहने छैनन्।

आज्ञाले—
नीरराज
सचिव—अर्थ मन्त्रालय

## अर्थमन्त्रालयको सूचना

तपसीलमा लेखिएको कुरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाश गरिदिएको छ।

तपसील

नेपाल राष्ट्र बैंक भद्रपुर उपशाखाको क्याशियर भागवत बहादुर शाहले ०१५।५।६ का दिन दिन १ क्याजुयल बिदा लिनु भएकोले सोही अफिसका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

असिष्टेण्ट केशवप्रसाद शर्माले उक्त दिन १ एक कायम मुकायम क्यासियरभै कार्यभार सम्हालेको ।

२. नेपाल राष्ट्र बैंक विराटनगर शाखाको सबएकाउण्टेण्ट श्री मदनमान सिंह बस्नेतले १२।५।०१५ देखि उक्त शाखाको कायम मुकायम सबएकाउण्टेण्ट श्री कर्णबहादुर कार्कीबाट कार्यभार सम्हालेको ।

३. नेपाल राष्ट्र बैंक भद्रपूर उपशाखाका कायम मुकायम अफिसर इनचार्ज श्री देवीलाल श्रेष्ट बिदाम बस्नु भएकोले १५।५।०१५ देखि त्यस अफिसरमा हेड असिष्टेण्ट श्री रामबहादुर मल्लले कायम मुकायम अफिसर इनचार्ज भै कार्यभार सम्हालेको ।

४. नेपाल राष्ट्र बैंक राजबिराज उपशाखाका अफिसर इनचार्ज श्रीमाधवनाथ पाण्डेले ११।५।०१५ देखि १३।५।०१५ संम दिन ३ क्याजुयल बिदामा बसेको हुंदा सोही अफिसका हेड असिष्टेण्ट श्री नारायण बहादुर बनियाँले कायम मुकायम अफिसर इनचार्जभै काम चलाएको ।

आज्ञा ले—
बीरराज,
सचिव—अर्थ मन्त्रालय

५४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।